राष्ट्रिय बीमा कम्पनी लिमिटेडले गऱ्यो दुर्घटना बीमा वापतको रु. १० लाख दावि भुक्तानी

## गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटीएका कर्मचारीको दुर्घटना बीमा दाबि भुक्तानी सम्बन्धि

## प्रेश विज्ञप्ती

भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र राष्ट्रिय बीमा कम्पनी लिमिटेड, रामशाहपथ, काठमाण्डौं बीच २०७७ चैत्र २६ गते सम्झौता भई गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमा फिल्डमा खटिने गणक तथा सुपरिपेक्षक को बीमा १० लाख बीमांक कायम रहने गरी सामूहिक दुर्घटना बीमा कार्यक्रम सुरुवात गरिएको थियो । यस बीमामा आवद्ध गणक नयन सिंह रोकायको २०७८ असार २८ गते बैतडी जिल्ला सिगास गाउँपालिकामा तथ्याङ्क संकलन गर्न खटिएकै शिलशिलामा मृत्यू भई कम्पनीमा बीमा दाबि पर्न आएको थियो । पिडित परिवारलाई केही आर्थिक राहत होस् भन्ने हेतुले गरिएको दुर्घटना बीमा अन्तर्गत मृतकको हकवाला श्रीमती मीना रोकायालाई रु. १० लाख (बीमांकको शत प्रतिशत) दाबि भुक्तानी गरियो । राष्ट्रिय बीमा कम्पनी लिमिटेडको परिसरमा आयोजना गरिएको बीमा दाबि भुक्तानी कार्यक्रममा मन्त्रालयका वरिष्ठ तथ्याङ्क अधिकृत झपिन्द्र प्रसाद पाण्डे, समाजशास्त्री कुमार न्यौपाने लगायतका प्रतिनिधि तथा मृतक गणकका हकवाला र राष्ट्रिय बीमा कम्पनी लिमिटेडका निमित्त प्रमुख कार्यकारी अधिकृत सुबास कोइराला, अन्डरराइटिंग विभाग प्रमुख सृजना पन्त, दावि विभाग प्रमुख सुजन सुवेदी तथा बजार विभाग प्रमुख हिरा कुमारी बर्तौला लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा मन्त्रालयका प्रतिनीधी र कम्पनीका नि. प्रमुख कार्यकारी अधिकृतज्यूहरुले यस बीमा कार्यक्रमबाट पिडित परिवारलाई केहिहदसम्म भएपनि आर्थिक क्षतिपूर्ति प्रदान गर्न सकिएको र आगामी दिनमा यस्तो प्रकारको बीमा सहकार्य कायम रहिरहने तथा बढि भन्दा बढि व्यत्तिः/कर्मचारीलाई बीमाको दायरामा ल्याई वास्तविक पिडितलाई क्षतिपूर्ति दिलाउने अपेक्षा सहितको प्रतिवद्धता व्यक्त गर्नुभयो । साथै समुदायमा पेशागत दायित्व निर्वाह गर्ने क्रममा आउने जोखिमहरुलाई आर्थिक क्षतिपूर्ति मार्फत पिडित पक्षलाई योगदान दिन यस्तो बीमा कार्यक्रमको सघन रुपमा विस्तार हुनुपर्ने विषयमा समेत छलफल भएको थियो ।

